यो आकाशवाणी हो।

समाचार

November 22, 2025

## सुरुमा प्रमुख समाचार

- राष्ट्रपतिले श्री सत्य साई बाबाको शताब्दीको उपलक्ष्यमा आयोजित सत्रलाई गर्नुभयो सम्बोधन
- प्रधानमन्त्रीद्वारा जी-20 नेताहरूको शिखर सम्मेलनलाई सम्बोधन
- अन्तरराष्ट्रिय श्रम संगठनका महानिर्देशकले भारतमा श्रम संहिता कार्यान्वयनको गर्नुभयो स्वागत
- तेजस दुर्घटनाको भिडियोको पीआईबी तथ्य जाँच एकाइद्वारा खण्डन
- तेलङ्गानामा प्रतिबन्धित सीपीआई-माओवादी समूहका 37 सदस्यद्वारा आत्मसमर्पण

## Prez

राष्ट्रपति द्रौपदी मुर्मुले आज आन्ध्र प्रदेशको पुट्टपार्थीस्थित प्रशान्ति निलयममा श्री सत्य साई बाबाको शताब्दीको उपलक्ष्यमा आयोजित विशेष सत्रलाई सम्बोधन गर्दै, जनताको जीवनस्तर सुधार्न सरकारले धेरै कदम चालिरहेको बताउनुभयो। उहाँले जनताको सीप र क्षमतालाई राष्ट्रको विकासमा प्रयोग गर्नुपर्ने पनि बताउनुभयो। साथै, राष्ट्रपतिले साई कुलवन्त हलमा श्री सत्य साई बाबालाई श्रद्धाञ्जली अर्पण गर्नुभयो। उहाँले आध्यात्मिक संस्था, गैरसरकारी संस्था, निजी क्षेत्र र नागरिकहरूको सामूहिक प्रयासले भारत २०४७ सम्ममा विकसित हुन सक्ने जानकारी दिनुभयो।

---

## G-20

आजदेखि जोहानेसबर्ग एक्स्पो सेन्टरमा जी-20 नेताहरूको शिखर सम्मेलन सुरु भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले आज यस सम्मेलनको पहिलो सत्रलाई सम्बोधन गर्दै समावेशी र दिगो विकासमा जोड दिनुभयो। अफ्रिकामा पहिलो पटक आयोजना भइरहेको G-२० शिखर सम्मेलनबारे बोल्दै श्री मोदीले

विश्वव्यापी विकासक ा मापदण्डहरूमा पुनर्विचार गर्ने अनि समावेशी र दिगो दुवै विकासलाई प्राथमिकता दिने यो सही समय भएको बताउनुभयो र यसले भारतका सांस्कृतिक मूल्यमान्यताहरू, विशेष गर ी अभिन्न मानवतावादको सिद्धान्तका लागि अर्थपूर्ण मार्ग प्रदान गर्दछ भन्नुभयो। प्रधानमन्त्रीले G-२० वैश्विक स्वास्थ्य हेरचाह टोली स्थापना गर्ने प्रस्ताव राख्दै, स्वास्थ्य आपतकाल र प्राकृतिक प्रकोपको समयमा सबैले मिलेर काम गर्दा विश्व बलियो हुने कुरामा जोड दिनुभयो। यस अवसरमा प्रधानमन्त्रीले G-20 अफ्रीका कौशल गुणक पहलको पनि प्रस्ताव गर्नुभयो। साथै, श्री मोदीले G-20 भित्र विश्वव्यापी परम्परागत ज्ञान भण्डारको प्रस्ताव गर्नुभयो, जसले भारतीय ज्ञान प्रणालीमा आधारित यस पहलले भावी पुस्तालाई बहुमूल्य ज्ञान हस्तान्तरण गर्ने प्रयास गर्नेछ।

---

## Labor Act-Commendation

अन्तर्राष्ट्रिय श्रम संगठनका महानिर्देशक गिल्बर्ट एफ. हाउङबोले भारतमा श्रम संहिता कार्यान्वयनको स्वागत गर्नुभएको छ। श्री हाउङबोले सामाजिक सुरक्षा र न्यूनतम ज्याला समावेश गर्ने भारतको नयाँ श्रम संहितालाई आफूले गहिरोसँग नियालिरहेको अनि श्रम सुधारहरू लागू हुँदा सरकार, रोजगारदाता र कामदारहरूबीचको संवाद आवश्यक रहने, जसले गर्दा कुनै पनि ऐन-कानुन कामदार र व्यवसायहरूका लागि सकारात्मक भएको सुनिश्चित हुने बताउनुभयो। भारतीय मजदुर संघले चार नयाँ श्रम संहिता लागू गर्ने कुराको स्वागत गरेको छ। मजदूर संघका राष्ट्रिय सचिव गिरीश आर्यले यो स्वतन्त्रतापछि श्रमिकहरूको पक्षमा सबैभन्दा ठूलो सुधार भएको बताउँदै, यसले कामदारहरूलाई सशक्त र अनुपालनलाई सजिलो बनाउने जानकारी दिनुभयो। भारतीय ट्रेड युनियनहरूको राष्ट्रिय मोर्चाका अध्यक्ष डा. दीपक जयसवालले पनि असंगठित क्षेत्रमा लगभग ५० करोड मानिसहरू कार्यरत छन् र नयाँ श्रम संहिताको कार्यान्वयनले अब उनीहरूको न्यूनतम ज्याला पूर्ण रूपमा सुनिश्चित गर्नेछ भन्नुभयो। नयाँ श्रम संहिताको स्वागत गर्दै, NASSCOM ले पनि यसका प्रमुख प्रावधानहरूले भारतको श्रम सुधार यात्रामा एक महत्त्वपूर्ण कदम रहेको बताउँदै, ज्याला, सुरक्षा र सामाजिक सुरक्षामा बढी प्रस्ट रूपले बलियो कार्यबल निर्माण गर्न मद्दत गर्ने जानकारी दिनुभयो।

---

## PIB-Tejas

पाकिस्तानी सामाजिक सञ्जाल प्लेटफर्महरूमा प्रसारित सेवनिवृत्त लेफ्टिनेन्ट जनरल के.जे.एस. ढिल्लनको डिजिटल रूपमा सिर्जना गरिएको भिडियोको सरकारले खण्डन गरेको छ। भिडियोमा लेफ्टिनेन्ट जनरल ढिल्लनले दुबई एयर शोमा तेजस दुर्घटनापछि लेफ्टिनेन्ट जनरल वी.के. सिंहले प्रधानमन्त्री नरेन्द्र मोदीको आलोचना गरेको दाबी गरेका छन्। प्रेस सूचना ब्यूरो, पीआईबी-को तथ्य जाँच एकाइले अवकाशप्राप्त लेफ्टिनेन्ट जनरल ढिल्लनले त्यस्तो कुनै पनि बयान नदिएको बताएको छ। प्रसारित भिडियो गलत सूचना फैलाउने उद्देश्यले एआईले सिर्जना गरेको हो। पीआईबी-ले प्रमाणीकरणका लागि मूल भिडियोको लिङ्क पनि प्रदान गरेको छ। कार्यालयले नागरिकहरूलाई गलत र भ्रामक सामग्री फरवर्ड नगर्न र आधिकारिक स्रोतहरूमा विश्वास गर्न आग्रह गरेको छ।

---

## Cyber Crime

साइबर अपराधविरोधी अभियान अन्तर्गत, दिल्ली पुलिसले राजधानीको दक्षिण-पश्चिम क्षेत्रबाट ४२ जना अभियुक्तहरूलाई पक्राउ गरेको छ। पुलिसका अनुसार, यी अभियुक्तहरूले नागरिकहरूलाई २५४ करोड रुपियाँभन्दा बढी ठगी गरेका छन्। अभियुक्तहरूबाट तीन ल्यापटप, दुई कम्प्युटर प्रणाली, ४३ मोबाइल फोन, १७ पासबुक, १४ डेबिट कार्ड र १ करोड ५० लाख रुपियाँभन्दा बढी मूल्यको नगद बरामद गरिएको छ। पक्राउ परेका अभियुक्तहरू अन्तरराज्यीय ठगी मोड्युलमा संलग्न भएको पनि आरोप छ।

---

## Maoists Surrender

तेलङ्गानामा प्रतिबन्धित सीपीआई माओवादी समूहका ३७ जना सदस्यले आज हैदराबादमा

आत्मसमर्पण गरे। यसमा तीन जना वरिष्ठ राज्य समिति सदस्य र २५ जना महिला पनि समावेश छन्। तेलङ्गानका पुलिस महानिर्देशक बी. शिवधर रेड्डीले पत्रकारहरूलाई दिएको जानकारीअनुसार  राज्य सरकारको पहलबाट प्रेरित भएर यी सदस्यहरूले हिंसा त्यागी समाजको मुख्यधारामा फर्कने निर्णय गरेका हुन्। आत्मसमर्पण गरिएका राज्य समिति सदस्यहरू प्रत्येकलाई २० लाख रुपियाँ सहयोग प्रदान गरिएको छ। उनीहरूलाई कुल १ करोड ४१ लाख ५ हजार रुपियाँ वितरण गरिएको छ।

---

## Goa-IFFI

भारतको ५६ औँ अन्तर्राष्ट्रिय चलचित्र महोत्सव, IFFI को एक भागका रूपमा, केन्द्रीय सञ्चार ब्यूरोले देशभरिका १६ राज्यका लोक कला प्रस्तुतिहरूलाई IFFI स्थलमा एकसाथ ल्याएको छ। प्रदर्शनी क्षेत्रमा लोक कलाकारहरूले आफ्नो परम्परागत नृत्य र सांस्कृतिक प्रस्तुति प्रस्तुत गरिरहेका छन्, जसले दर्शकहरूलाई देशको समृद्ध र विविध सम्पदाको झलक प्रदान गर्दछ। आज, हिमाचल प्रदेश, तमिलनाडु र जम्मू कश्मीरका कलाकारहरूले आफ्नो रङ्गीन र ऊर्जावान लोक नृत्य प्रस्तुतिले दर्शकहरूलाई मन्त्रमुग्ध बनाए।

---

## Vietnam Flood

मध्य भियतनाममा भारी वर्षा र बाढीबाट मृत्यु हुनेको संख्या ५५ पुगेको छ। भियतनाम आपदा तथा बाँध व्यवस्थापन प्राधिकरणले १३ जना अझै बेपत्ता रहेको जनाएको छ। बाढीले लगभग ८० हजार हेक्टर धान र अन्य बाली डुबानमा पारेको छ भने ३२ लाखभन्दा बढी घरपालुवा पशुपक्षी र गाईवस्तु मारिएका छन् वा बगाएका छन्। २८ हजार ४०० भन्दा बढी घरहरू अझै पनि डुबानमा छन् भने ९४६ अन्य घरबार क्षतिग्रस्त भएका छन्। प्राधिकरणले लगभग ३५८ मिलियन अमेरिकी डलरको आर्थिक क्षति हुने अनुमान गरेको छ। धेरैजसो प्रभावित क्षेत्रहरूमा बिजुली पुनर्स्थापित गरिएको छ, तर लगभग ७५ हजार घरहरू बिजुलीविहीन छन्।

---

## Cricket

गुवाहाटीको बर्सापारा क्रिकेट स्टेडियममा आज साँझ सम्पन्न पुरुष क्रिकेटमा दक्षिण अफ्रिकाले भारत विरुद्धको पहिलो इनिङ्मा ६ विकेट गुमाएर २४७ रन बनायो। यसअघि दक्षिण अफ्रिकाले टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय गरेको थियो। आयोजक टोलीका लागि कुलदीप यादवले तीन विकेट लिएका छन् भने जसप्रीत बुमराह, मोहम्मद सिराज र रवीन्द्र जडेजाले एक-एक विकेट लिएका छन्। नियमित कप्तान शुभमन गिल घाँटीको चोटका कारण दोस्रो टेस्टबाट बाहिरिएकाले विकेटकिपर-ब्याटर ऋषभ पन्तले यस खेलमा भारतको नेतृत्व गरिरहेका छन्। कोलकाताको इडेन गार्डेनमा भएको दुई खेलको शृङ्खलाको पहिलो टेस्टमा दक्षिण अफ्रिकाले भारतलाई ३० रनले पराजित गरेको थियो।

---

## Visibly Disabled Women Cricket

कोलम्बोमा आज अष्ट्रेलियालाई नौ विकेटले हराउँदै भारत पहिलो नेत्रहीन महिला टी-२० विश्वकपको फाइनलमा प्रवेश गरेको छ। ११० रनको लक्ष्य पछ्याउँदै भारतले ११ ओभर र पाँच बलमा १ विकेटको क्षतिमा लक्ष्य पूरा गरेको छ। टस जितेर भारतले अष्ट्रेलियालाई ब्याटिङका लागि आमन्त्रित गरेको थियो। अष्ट्रेलियाले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १०९ रन मात्र बनाउन सक्यो। दोस्रो सेमिफाइनल आज नेपाल र पाकिस्तानबीच हुनेछ।

---

## Badminton

भारतका लक्ष्य सेन अस्ट्रेलियन ओपन ब्याडमिन्टनको पुरुष एकल स्पर्धाको सेमिफाइनलमा पुगेका छन्। लक्ष्यले हिजो सिड्नीमा सम्पन्न क्वार्टरफाइनलमा आफ्नै देशका आयुष शेट्टीलाई पराजित गरे। उनले आज फाइनलमा ताइवानका चाउ टिएन-चेनको सामना गर्नेछन्। यसैबीच, पुरुष युगलमा, सात्विकसाईराज रन्किरेड्डी र चिराग शेट्टीको जोडी प्रतियोगिताबाट बाहिरिएको छ।

प्रमुख समाचार पुनः एकपटक

- राष्ट्रपतिले श्री सत्य साई बाबाको शताब्दीको उपलक्ष्यमा आयोजित सत्रलाई गर्नुभयो सम्बोधन
- प्रधानमन्त्रीद्वारा जी-20 नेताहरूको शिखर सम्मेलनलाई सम्बोधन
- अन्तरराष्ट्रिय श्रम संगठनका महानिर्देशकले भारतमा श्रम संहिता कार्यान्वयनको गर्नुभयो स्वागत
- तेजस दुर्घटनाको भिडियोको पीआईबी तथ्य जाँच एकाइद्वारा खण्डन
- तेलङ्गानामा प्रतिबन्धित सीपीआई-माओवादी समूहका 37 सदस्यद्वारा आत्मसमर्पण